# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, जेठ ९ गते २०४० साल

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ११.२१ ले दिएको अधिकार प्रयोग गरी सञ्चार मन्त्रालय, हुलाक सेवा विभाग अन्तर्गत निम्न कार्यालयका प्रमुखहरूलाई सोही नियमावलीको अनुसूची १ (क) मा समावेश गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. क्षेत्रीय हुलाक निर्देशनालयका क्षेत्रीय निर्देशकहरू,

२. गोश्वारा हुलाकका मुख्य हुलाक हाकिम,

आज्ञाले,

मङ्गलकृष्ण श्रेष्ठ

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ११.२१ ले दिएको अधिकार प्रयोग गरी संचार मन्त्रालय, हुलाक सेवा विभाग अन्तरगतका निम्न कार्यालयका प्रमुखहरूलाई सोही नियमावलीको अनुसूची १ (ख) मा समावेश गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

१. राजपत्राँकित तृतीय श्रेणीका अधिकृत प्रमुख भएका जिल्ला हुलाकहरू,

२. केन्द्रीय टिकट भण्डारका प्रमुख,

३. केन्द्रीय धनादेश कार्यालयका प्रमुख,

४. सरकारी डाँक प्रबन्ध कार्यालयका प्रमुख,

५. हुलाक प्रशिक्षण केन्द्रका मुख्य प्रशिक्षक,

६. हुलाक जिन्सीखानाका व्यवस्थापक,

७. हुलाक संग्रहालयका प्रमुख,

८. नेपाल फिलाटेलिक व्यूरोका प्रमुख।

सोही नियमावलीको अनुसूची १ (ख) को क्रमसंख्या ४४, ४५ र ४६ लाई खारेज गरिएको छ।

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।